# कोल्हवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल


नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं. :

मिति :२०८२।०७।१२ गते

अधिकृत आठौं श्री संजय मैनाली,
(प्रशासन, योजना अनुगमन तथा मूल्याङ्कन शाखा)
कोल्हवी नगरपालिकाको कार्यालय, बारा ।

**विषय : अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रथम संशोधन २०७५।११।१९ (केही नेपाल संशोधन गर्ने ऐन, २०७५) दफा ८४ को उपदफा (५) तथा कोल्हवी नगरपालिकाको कार्य सम्पादन नियमावली, २०८२ को दफा २० समेतमा अन्य सम्बन्धित नेपाल कानूनले दिएको अधिकार प्रयोग गरी म मा निहीत देहाय बमोजिमका अधिकारहरू तपाईलाई प्रत्यायोजन गरेको छु । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानूनको अधिमा रही प्रत्यायोजित अधिकारहरूको प्रयोग गरी सेवा प्रवाहलाई अझै चुस्त दुरुस्त र प्रभावकारी बनाउनु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

..................
पितृनाथ लुइटेल
प्रमुख प्रशासकीय अधीकृत

पितृनाथ लुइटेल
प्रमुख प्रशासकीय अधिकृत

**<u>देहाय</u>**
**<u>प्रत्यायोजित अधिकारहरू</u>**

१. कानून बमोजिम उपभोक्ता समितिको गठन भई वडा कार्यालयबाट सिफारिस भई आएका उपभोक्ता समितिहरूसँग बार्षिक योजना तथा कार्यक्रम, संघ र प्रदेश सरकारबाट प्रत्यायोजित योजना तथा कार्यक्रमहरू रूजु गराई सम्झौता गर्ने ।

२. योजना कार्यान्वयनको विभिन्न चरणमा प्राविधिक कर्मचारी समेतको संलग्नतामा अनुगमन, निरीक्षण गर्ने प्रबन्ध मिलाउने, योजना तथा कार्यक्रमहरुको अनुगमन समितिको अन्तिम अनुगमन पश्चात उपभोक्ता समितिको निर्णय, सार्वजनिक परीक्षण, प्राविधिक शाखाको बील, आवश्यक वील भरपाई समेत संलग्न राखी अन्तिम भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

३. नगर सभाबाट विनियोजित आयोजना तथा कार्यक्रमहरूको म्याद थप गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गराई म्याद थप गर्ने ।

४. वडा अध्यक्षबाट सिपारिस तथा फोटो प्रमाणित भई आएका उपभोक्ता समितिहरूको खाता उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी बैंकलाई सिफारिस गर्ने । उपभोक्ता समितिको निर्णय बमोजिम कानूनको विपरित नहुने गरी खाता बन्दको लागि सम्बन्धित वैंकलाई सिफारिस गर्ने ।

५. नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गत कार्यरत सहायक स्तरका कर्मचारीहरूको लागि ५ (पाँच) दिन सम्मको विदा स्वीकृत गर्ने ।

६. प्रशासन शाखा तथा योजना अनुगमन तथा मूल्याङ्कन शाखाको प्रमुखको रुपमा कार्यसम्पादन गर्ने ।

७. कार्यालयको निर्णय वमोजिम कर्मचारी प्रशासन अन्तर्गतका कार्यहरू गर्ने ।



CamScanner

कोल्हवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं. : ८८६

मिति :२०८२।०७।१२ गते

८. कार्यालयबाट प्रतिनिधित्व गर्नुपर्ने निकाय तथा कार्यालयहरूमा प्रतिनिधि खटाउँदा प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी खटाउने ।

९. प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश तथा निर्देश बमोजिम अन्य कार्यहरू गर्ने ।

पितानाथ लुईंटेल
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ :</u>

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री नगर प्रमुखज्यू, कोल्हवी नगरपालिका, बारा ।
श्री नगर उपप्रमुखज्यू, कोल्हवी नगरपालिका, बारा ।
श्री शाखा/उपशाखाहरू (सबै), कोल्हवी नगर कार्यापालिकाको कार्यालय, बारा ।
श्री वडा कार्यालयहरू (सबै), कोल्हवी नगरपालिका, बारा ।



CamScanner